न्यायको दिनमा, मेरो शिफाअत (सिफारिस) को बढी हकदार त्यो व्यक्ति हुनेछ, जसले आफ्नो हृदय वा आत्माबाट नै इमान्दारीपूर्वक "ला इलाहा इल्लल्लाह" को गवाही दिन्छ ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, मैले सोधे: हे अल्लाहको रसूल! न्यायको दिन हजुरको शिफाअत (मध्यस्थता) को बढी हकदार कुन भाग्यमानी मान्छे हुनेछ ?
रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: “हे अबू हुरैरा! "हदीस"को लागि तिम्रो चासो देखेर, तिमी भन्दा पहिले यो कसैले सोध्ने छैन भन्ने मलाई लागेको थियो । न्यायको दिनमा, मेरो शिफाअत (सिफारिस) को बढी हकदार त्यो व्यक्ति हुनेछ, जसले आफ्नो हृदय वा आत्माबाट नै इमान्दारीपूर्वक "ला इलाहा इल्लल्लाह" को गवाही दिन्छ ।"
[सही] [बुखारीले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भएको छ, न्यायको दिन, उहाँको सिफारिसको हकदार त्यो व्यक्ति हुनेछ जसले आफ्नो हृदयबाट इमान्दारीपूर्वक "ला इला-ह इल्लाल्लाह" को गवाही दिन्छ, अर्थात अल्लाह बाहेक कोही सत्य पूज्य छैन र ऊ शिर्क (बहुदेववाद) र रिया (देखावटी भक्ति) जस्ता कुराहरूबाट सुरक्षित हुन्छ ।

http://sunnah.global/hadeeth/ne/show/3414